# सुदुरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
# जिल्ला अस्पताल, बझाङ

प.सं.:- २०८०/०८१ मिति:-२०८०/०४/१९

च.नं. :-

[redacted]

[redacted]

यस अस्पतालमा तोकिएको कार्य गर्ने गरि अस्पताल बिकास समिति अन्तर्गत स्टाफ नर्स र अ न मि पदमा कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निबेदन सहित अस्पतालमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बिज्ञापन न : ४/०८०/०८१**

| पद | तह | संख्या | न्युनतम योग्यता | दस्तुर |
|---|---|---|---|---|
| स्टाफ नर्स (staff nurse) | पाचौ | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा सो भन्दा माथि उतिर्ण गरि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको । | ५०० |
| अ न मि (A.N.M.) | चौथो | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ न मि वा सो भन्दा उतिर्ण गरि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको । | ५०० |

१. दरखास्त पेश गर्नुपर्ने स्थानः जिल्ला अस्पताल बझाङको वेवसाइट bajhanghospital.p7.gov.np वा लोकसेवा आयोगको वेवसाइटबाट दरखास्त फाराम (Application form) डाउनलोड गरि रितपूर्वक दरखास्त फारम भरि यसै अस्पतालको इमेल : vacancystaffnurseanm@gmail.com मा वा अस्पताल प्रशासन शाखामा पेश गर्न सकिनेछ।

२. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा वा उक्तदिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट।

३. उम्मेदारको उमेर हदः २० वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

४. छनोटको किसिम : लिखित र अन्तर्वार्ता (अन्तर्वार्ता को समयमा अनिवार्य रुपमा सक्कल शैक्षिक प्रमाणपत्र ल्याउनुपर्नेछ)।

५. परिक्षा हुने स्थान र परिक्षा मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ। लिखित परिक्षामा उत्तीर्ण हुने उम्मेद्वारहरुको परीक्षाफल प्रकाशन भए पश्चात अन्तर्वार्ताको लागि मिति प्रकाशन गरिनेछ।

६. दरखास्त शुल्क :जिल्ला अस्पतालको कार्यालय कोड ३५००२७००२७ राष्ट्रिय बाणिज्य बैंक बझाङ स्थित राजस्व कोड न १४२२९ मा रु ५०० (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ वा यस अस्पतालको बिलिंग काउन्टरमा नगद जम्मा गरि दरखास्त साथ सक्कलै बिल पेश गर्नुपर्नेछ ।

७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेदारको नागरिकता ,शैक्षिक योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्र (SLC/SEE देखि तोकिएको न्युनतम शैक्षिक योग्यता सम्मको) , बिदेशी शिक्षण संस्थाको हकमा समकक्षता /सम्बधता निर्धारण गरेको पत्र,सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाण पत्र ।

८. सेवा सुविधा : अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार आपसी सहमतिमा तय गरिनेछ ।

९. सेवा अवधि : ६ महिनाको लागि । कार्यसम्पादन सन्तोषजनक भएमा ६ -६ महिनामा थप गर्दै सेवा करार निरन्तरता दिन सकिने ।

१०. रितपूर्वक नपरेका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

११. यस सूचना मा उल्लेख भएको कुराहरु सोहि बमोजिम हुने र अन्य सूचना मा छूट हुन गएका कुराहरुको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ । थप जानकारीको लागि : ९८५८४२२२०८ मा सम्पर्क गरि बुझ्न सकिने छ ।

मेडिकल सुपरिन्टेन्डेण्ट